# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १२ साउन २०७९
# बिहीवार
# बैठक सङ्ख्या- ४३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १२:२५ बजे प्रारम्भ भयो ।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती) लाई राष्ट्रिय सरोकार तथा समन्वय समितिको वार्षिक प्रतिवेदन २०७८/०७९ सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

<u>राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति माननीय श्री दिल कुमारी रावल थापा (पार्वती)</u>:- सम्माननीय अध्यक्ष महोदय, सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन, राय सल्लाह दिन राष्ट्रिय सभाअन्तर्गत ४ ओटा विषयगत समिति रहने राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (१) को व्यवस्थाबमोजिम ४ ओटा विषयगत समितिमध्ये राष्ट्रिय सरोकार तथा समन्वय समिति एउटा महत्त्वपूर्ण

समिति हो । राष्ट्रिय सभा नियमावलीले तहगत राज्य संरचनाको विकासमा समन्वय राष्ट्रिय सम्पदा, मानव अधिकार तथा परराष्ट्र सम्बन्ध, सन्धि, सम्झौताको कार्यान्वयनको अवस्था, समन्वय विकासको अवस्था पिछडिएको क्षेत्र, समुदाय, संस्कृति, राष्ट्रिय गौरवका आयोजनाहरू, राष्ट्रिय सुरक्षा, संवैधानिक आयोगहरूसम्बन्धी विषय यस समितिको कार्यक्षेत्रमा समेटिएको छ ।

नियमावलीको उक्त प्रावधानका आधारमा सरकारका काम कारबाहीमाथि निगरानी अनुगम र मूल्याङ्कन गर्ने मुख्य जिम्मेवारी यसै समितिको देखिन्छ । सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ को उपनियम (४) को व्यवस्थाबमोजिम आज म राष्ट्रिय सरोकार तथा समन्वय समितिको चौथो वार्षिक प्रतिवेदन यस सम्मानित सभामा पेस गर्न उपस्थित भइरहेको सन्दर्भमा समितिको वार्षिक काम, कारबाहीहरूको सङ्क्षिप्त विवरण यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

यसका अलवा राष्ट्रिय गौरवका आयोजनाहरू निर्धारित समयमै गराउने समितिको तर्फबाट निरन्तर निगरानी एवम् निर्देशन गर्नका लागि माननीय अनिता देवकोटा, माननीय रामचन्द्र राई, माननीय शेखर कुमार सिंहको संयोजकत्वमा समितिअन्तर्गत गठित तीनओटा राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमितिहरूको छलफल, अन्तरक्रिया तथा स्थलगत अनुगमन गरी प्राप्त विवरण तथा निष्कर्षसहितको समितिको प्रतिवेदन पेस गरेका थिए । उपसमितिहरूको उपरोक्त प्रतिवेदनहरूसम्बन्धी आयोजनाबाट प्राप्त आयोजनको पछिल्लो प्रगति विवरण र विज्ञहरूको सुझावसहित आयोजनागत र नीतिगत निर्देशन समावेश भएको समितिबाट पारित राष्ट्रिय गौरवका आयोजनाको अध्ययन प्रतिवेदन यस सम्मानित सभासमक्ष पेस भइसकेको छ ।

सम्माननीय अध्यक्ष महोदय, समितिले राष्ट्रिय सभामा पेस गरेका वार्षिक प्रतिवेदनहरू कार्यान्वयन भए नभएको अनुगमन एवम् मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्न निर्यण गरेपश्चात् समितिले राष्ट्रिय सभामा पेस गरेका तीनओटै वार्षिक प्रतिवेदनको कार्यान्वयनको अनुगमन, मूल्याङ्कनको लागि समितिले निर्देशन दिएका मन्त्रालय तथा आयोगहरूमा निर्देशन कार्यान्वयनको अवस्था, निर्देशन कार्यान्वयन भए नभएको, नभएको भए सोको कारण र कार्यान्वयनका लागि गरिएका प्रयाससमेत समेटी जानकारी माग गरी छलफल गरेको थियो । समितिले अगिल्ला वार्षिक अघिल्ला आर्थिक वर्षहरूमा दिएको निर्देशनहरू कार्यान्वयन, निर्देशन, अनुगमन प्रतिवेदन तयार गरिरहेको छ । छिट्टै यस सम्मानित सभामा पेस गर्ने कुरा जानकारी गराउन चाहन्छु । यस समितिले विगतका वर्षहरूमा जस्तै यस

आर्थिक वर्षमा पनि आआफ्नो कार्यक्षेत्रका विषयमा निरन्तर छलफल, निगरानी तथा निर्देशन दिनुका साथै आम नागरिकका चासो, सरोकारको विषयमासमेत निरन्तर खबरदारी गरिरह्यो । यस आर्थिक वर्षमा पनि समितिका थुप्रै बैठक तथा कार्यक्रमहरू समितिका कार्यक्षेत्रभित्रका विषयअन्तर्गत कोभिड १९ र जनसरोकारलगायतका महत्त्वपूर्ण विषयमा निरन्तर छलफल, अन्तरक्रिया, अन्तरसंवाद, सुझाव तथा निर्देशन दिने कार्यमा व्यतीत भए ।

नेपालमा मानवअधिकारको सम्मान, संरक्षण र प्रवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोगबाट भए गरेका काम कारबाही आगामी कार्य योजना एवम् आवश्यक कानुनी व्यवस्थाका सन्दर्भमा आयोगका पदाधिकारीसँग छलफल भएको थियो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट भइरहेका काम कारबाही र भावी कार्य दिशासम्बन्धमा छलफल भई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको रिक्त रहेको सदस्य पद अविलम्ब नियुक्ति प्रक्रिया अगाडि बढाउनसाथै वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा प्राकृतिक स्रोतसम्बन्धी एकीकृत कानुन यथाशीघ्र निर्माण गर्न एकल र साझा अधिकार सूचीमा थप स्पष्टता गर्ने । स्थानीय तहमा जाने विभिन्न प्रकारका अनुदान रकमलाई एकीकृत र नजितामुखी बनाउने नीति निर्माण गरी कार्यान्वयन गर्न, दोहोरो राजस्व अधिकारक्षेत्रभित्र परेका विषयमा त्यस्ता कर, राजस्व उठाउने र बाढ्ने सम्बन्धमा थप स्पष्ट गर्न अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई वस्तुगत अर्थात् यथार्थपरक तथा समन्वन्यायिक बनाउन स्थानीय तहमा खण्डीकृत र आवधिक तथ्याङ्क तयार गर्न नेपाल सरकारलाई निर्देशन दिएको थियो ।

बाढी, पहिरोको कारण मेलम्ची खानेपानी आयोजनामा परेको प्रभाव खानेपानी वितरण प्रणालीमा देखिएका समस्या र काठमाडौं उपत्यकाको खानेपानी वितरण प्रणाली व्यवस्थित गर्न आगामी कार्य योजना सम्बन्धमा खानेपानी मन्त्रालय तथा सम्बन्धित पदाधिकारीसँग छलफल भई निर्देशन दिएको थियो ।

चाडपर्व लक्षित भई बजार अनुगमन तथा यातायात व्यवस्थापन सन्दर्भमा देशभरि शान्ति सुव्यवस्था कायम गर्न कृतिम अभाव सृजना हुन नदिई काला बजारी रोक्न मूल्य वृद्धिमा नियन्त्रण गर्न र सुलभ तथा सुपथ पसलहरू वस्तु र सेवाको आपूर्तिको व्यवस्था सुनिश्चित गर्दै यात्रुहरूलाई सहज ढङ्गले आवागमनको व्यवस्थापन गर्न निर्देशन दिएको थियो ।

बैठकमा मित्र राष्ट्र चीनलगायत अन्य विभिन्न मुलुकमा चिकित्सा शिक्षा अध्ययन गर्न गएका नेपाली विद्यार्थीहरू कोभिड १९ को कारण नेपालमा आएर हालसम्म पनि आफू अध्ययनरत विश्वविद्यालय जान नसकेको सन्दर्भमा सोको समाधानका लागि उक्त अध्ययनरत मुलुकमा फर्किएर सम्बन्धित विश्वविद्यालयमा नै उपस्थित भई अध्ययनलाई निरन्तरता दिने व्यवस्था गर्न सम्बन्धित मुलुकसँग कूटनीतिक पहल गर्न र सम्बन्धित मुलुक फर्केर आआफ्नो अध्ययनलाई निरन्तरता दिन पाउने अवस्था सुनिश्चित हुन नसकेको सन्दर्भमा सौद्धान्तिक कक्षा अध्ययन गरिरहेका विद्यार्थीहरूका सन्दर्भमा शिक्षा, शिक्षाको बाँकी कोर्ष प्रयोगात्मक अभ्यास (Internship) नेपालमै पूरा गर्न सक्ने आवश्यक व्यवस्था मिलाउन निर्देशन दिएको थियो ।

निर्वाचनमा महिला प्रतिनिधिको सन्दर्भमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तसँग छलफलपश्चात् निकट भविष्यमा सम्पन्न गर्नुपर्ने प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन सदस्य प्रदेश सभा सदस्य निर्वाचन साथै आगामी निर्वाचनमा संविधानको धारा ३८ (४) बमोजिम महिला सहभागिता सुनिश्चित हुने गरी निर्वाचनसम्बन्धी कानुन निर्माण गर्न, संशोधन गर्न र निर्वाचन प्रणालीमा सुधार प्रक्रिया अवलम्बन अगाडि बढाउन विद्युतीय मतदान प्रणाली (E-Voting System) बाट निर्वाचन सम्पन्न गर्न सकिने स्थानहरूको अध्ययन गरी उक्त स्थानमा E-Voting System बाट नै निर्वाचन गर्ने व्यवस्था मिलाउन त्यस्ता स्थानहरूको दायरा आगामी निर्वाचनहरूमा क्रमशः विस्तार गर्दै पूर्ण विद्युतीय मतदान प्रणालीमा जाने नीति अख्तियारी गर्न निर्वाचन आयोगलाई निर्देशन दिएको थियो ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाले आफ्नो निर्वाचक मण्डल र मतदाताहरूको हितको संरक्षण, प्रवर्धन, समस्या पहिचान गर्ने विषयमा प्रदेश र स्थानीय तहसँग निरन्तर छलफल, संवाद र समन्वयको थालनी गर्दै यसै आर्थिक वर्षमा राष्ट्रिय सरोकार तथा समन्वय समितिले कार्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश, गण्डकी प्रदेश, बागमती प्रदेशसम्बन्धी प्रदेशबाट सम्बन्धित प्रदेशबाट राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने माननीय सदस्य र सम्बन्धित प्रदेश सभाका माननीय सदस्यहरू सम्बन्धित प्रदेशका पालिका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्षको सहभागितामा राष्ट्रिय सभामा प्रदेश तथा स्थानीय तहको सार्थक प्रतिनिधित्वको सवाल विषय अन्तरसंवाद कार्यक्रम सम्पन्न गरेको छ । बाँकी प्रदेशहरूमा समेत कार्यक्रम सम्पन्न गरेपश्चात् समितिले सोको पूर्ण प्रतिवेदन यस सम्मानित सभामा पेस गर्ने कुरा म जानकारी गराउन चाहन्छु ।

समितिको आयोजनामा लुम्बिनी विकासको अवस्था र भावी कार्यदिशा विषयमा अन्तरक्रिया कार्यक्रम, समितिको निर्देशन कार्यान्वयन, अनुगमन, मूल्याङ्कन प्रतिवेदनसम्बन्धी अन्तरक्रिया, समिति राष्ट्रिय गौरवका आयोजना अध्ययन प्रतिवेदनसम्बन्धी कार्यशाला, राष्ट्रिय सभाका समितिहरूको कार्ययोजनासम्बन्धी अन्तरक्रिया, समितिको कार्यक्षेत्र कार्ययोजना र आगामी कार्यदिशा विषयक अन्तरक्रिया, कोभिड १९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो । समितिले मिति २०७८/११/२० को बैठक समितिमा समितिले ४ वर्षको अवधिकमा सम्पन्न गरेका काम कारबाहीको सम्बन्धमा समीक्षा गर्दै यस समितिले २०७८ फागुन २० गेतबाट कार्यकाल समाप्त भई बिदा हुनुहुने बिदा हुनुभएका यस समितिका माननीय सदस्यहरू उदय शर्मा पौडेल, माननीय कोमल वली, माननीय दिर्ग नारायण पाण्डे, माननीय रामलखन चमार र माननीय सुमनराज प्याकुरेललाई उहाँहरूले समितिलाई पुऱ्याउनुभएको योगदानको उच्च सम्मान कदर गर्दै समितिको तर्फबाट बिदाई गरिएको थियो ।

सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०७८/०७९ मा समितले २५ ओटा बैठक, समितिअन्तर्गत गठित उपसमितिको २७ ओटा बैठक भएका छलफल र निर्णयहरू सरोकारवालासँग अन्तरक्रिया, अन्तरसंवाद, अभिमुखीकरण कार्यक्रमलगायत समितिका अन्य काम कारबाहीहरू र सोबाट प्राप्त उपलब्धि, समितिले कार्यसम्पादनको क्रममा देखिएका समस्या, समस्या समाधानका निम्ति समितिको प्रयास, समितिको निष्कर्ष एवम् यस समितिमा समितिले हासिल गरेका अनुभवहरूलाई समेटेर राष्ट्रिय सरोकार तथा समन्वय समितिले चौथो वार्षिक प्रतिवेदनको रूपमा यो प्रतिवेदन तयार पारेको छ ।

अन्त्यमा समितिको कार्य तथा कार्ययोजनालाई प्रभावकारी रूपमा कार्य सम्पादन गर्न मार्गदर्शन गर्नुहुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यूप्रति म हार्दिक आभार व्यक्त गर्दछु । समितिको काम कारबाहीमा सहयोग गर्नुहुने नेपाल सरकारका माननीय मन्त्रीज्यूहरू, समितिका माननीय सदस्यज्यूहरू, समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनुहुने संघीय संसदका महासचिव, राष्ट्रिय सभाका सचिव, समितिका सचिवलगायत सचिवालयका साथीहरू समिति कार्यालयलाई प्रत्यक्ष र परोक्ष रूपमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने सम्बन्धित क्षेत्रका विज्ञज्यूहरू, सरोकारवाला, पत्रकारहरूलगायत म यस समितिलाई सहयोग गर्नुहुने सबैप्रति आभारसहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, मिति २०७९ श्रावण १० गते समितिको बैठकबाट पारित राष्ट्रिय सरोकार तथा समन्वय समितिको यो चौथो वार्षिक प्रतिवेदन २०७८/०७९

राष्ट्रिय सभाको नियमावली, २०७५ नियम १५९ को उपनियम (४) को व्यवस्थाबमोजिम सम्मानित सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय नारायण दत्त मिश्रलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन", "सामाजिक व्यवहार सुधार ऐन, २०३३ को उत्तरविधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०७७", "सङ्क्रामण रोग ऐन, २०२० को उत्तरविधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०७८ सम्बन्धी विधायन व्यवस्थापन समितिका प्रतिवेदनहरू क्रमशः सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

<u>विधायन व्यवस्थापन समितिका जेष्ठ सदस्य माननीय श्री नारायण दत्त मिश्रः</u>- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको २०७९ साल साउन ९ गते बैठकको निर्णय विधायन व्यवस्थापन समितिमा पठाइएको "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि समितिले संवत् २०७९ साल साउन १० र ११ गते गरी ३ पटक बैठक बसी माननीय खानीपानी मन्त्री विधेयकमाथि संशोधन प्रस्तावका प्रस्तोता माननीयहरू, खानेपानी मन्त्रालयका सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बन्ध पदाधिकारीहरू, खानेपानी विभागका महानिर्देशकलगायतको उपस्थितिमा दफावार छलफल गरिएको थियो । विधेयकका विभिन्न दफामा ५ ओटा समूहका संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूबाट कुल ४८ ओटा बुँदामा संशोधन प्रस्ताव प्राप्त भएका थिए । यस समितिमा विधेयकमाथिको दफावार छलफलदेखि प्रतिवेदन तयारीसम्मको क्रममा औपचारिक तथा अनौपचारिक सहयोग पुऱ्याउनुहुने समिति सदस्यहरू, खानेपानी मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बन्ध पदाधिकारीहरू साथै समिति सचिवालय परिवारलगायत सम्बन्ध सम्पूर्ण सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, समितिले खानेपानी तथा सरसफाइ विधेयक, २०७६ मा प्राप्त संशोधन प्रस्तावहरूमाथि दफावार छलफल गरी पारित प्रतिवेदनसहितको विधेयक यस सम्मानित सभामा पेस गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको सामाजिक व्यवहार सुधार ऐन, २०३३ को उत्तरविधायिकि परीक्षण अध्ययन प्रतिवेदन, २०७७" सभासमक्ष पेस गर्दछु ।

सम्मानीय सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको "सङ्क्रामण रोग ऐन, २०२० को उत्तरविधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०७८ सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय गृहमन्त्री श्री बालकृष्ण खाँण</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमितले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, माननीय गृहमन्त्री बालकृष्ण खाँणले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय तुलसा कुमारी दाहाल । समय ३ मिनेट ।

**<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- माननीय अध्यक्ष महोदय, "कारागार विधेयक, २०७६ को बारेमा हामी विचार गरियोस्" भन्ने प्रस्तावमा छलफल गरिरहेका छौं । यो विधेयक आउने र पास गरेर जाने बढो हतार हतार भइरहेको छ । अब हामीले हतारमा निर्णय गर्ने र बाँकी समय बसेर पछुताउनुपर्ने हो कि भनेर चिन्ता लागिरहेको छ । यो कारागारको सम्बन्धमा भौतिक संरचनाहरू राम्रा छैनन् । पानी चुहिने अवस्था छ र बन्दीहरूलाई क्षमताभन्दा बढी राखिने गरिएको छ । कारागारमा

राखिने अपराधीहरूको स्थानहरू जुन उमेरको उमेर छ । त्यो उमेरको हिसाबले छुट गर्ने व्यवस्था गरिएको छ । र खास गरी यो यौनजन्य हिंसाका अपराधीहरूलाई छुट दिनुहुँदैन भन्ने कुरा राख्न चाहन्छु । र अर्को कारागारमा राख्ने बन्दी र अपराधीहरू एकै ठाउँमा चाहिँ थुनामा राख्ने र कारागारमा राख्ने बन्दी चाहिँ एकै ठाउँमा राख्ने गरिएको छ । यो गरिनु हुन्न । कारागारमा रहेका महिलाहरू सुत्केरी भएमा उनीहरूले बाहिर बसेर स्याहार गर्न सक्ने ३० दिनको लागि भनिएको छ । यो ३० दिन हैन उनीहरूलाई ९० दिन दिनुपर्छ । यो संवेदनशीलताका आधारमा पनि महिलाको साथमा बच्चाहरू पनि रहने भएको हुनाले अहिले केही संघसंस्थाले उद्धार गरेको पाइन्छ । र अझै पनि बच्चाहरू चाहिँ जेलमा भएको हुनाले उनीहरूलाई शिक्षादिक्षा र खानपानको व्यवस्था राज्यले गर्नुपर्छ । कारागारमा बस्ने बन्दीहरूको मानव अधिकार प्रयोग गर्न पाउने गरी उनीहरूको सिप, अध्ययनका कुराहरूलाई चाहिँ व्यवस्थित गरिनुपर्छ । मानव विमर्श तालिमको पनि व्यवस्था गर्नुपर्दछ । र सँगसँगै कारागारभित्र बसेका निश्चित उमेर युवा समूहहरू छन् । उनीहरूलाई काममा लगाइनुपर्छ । राज्यको चाहिँ सम्पत्ति उनीहरूलाई खुवाउने र उनीहरूलाई व्यवस्थापनमा खर्च भइरहेको छ । उनीहरूलाई चाहिँ श्रम शिविरमा ल्याएर श्रममा लगाउनुपर्छ । खास गरी विदेशीहरूबाहेक र ज्येष्ठ नागरिकहरूबाहेक, युवा उमेरमा रहेकाहरूलाई चाहिँ श्रम शिविरमा बाहिर ल्याएर आएर उनीहरूलाई श्रममा चाहिँ लाइनुपर्छ भन्ने लाग्छ । हस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय जग प्रसाद शार्मा । समय ३ मिनेट ।

**<u>माननीय श्री जग प्रसाद शार्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, कारागार विधेयकमा विचार गरियोस् भन्नेमा छलफल चलिरहेको छ । यसमा म २/३ ओटा कुराहरू राख्न चाहन्छु । ऐतिहासिक हिसाबले हेर्दा यो कारागार विधेयक, २०१९ सालमा देखि व्यवस्थित भएको देखिन्छ । ऐतिहासिक हिसाबले हेर्दा त्यसभन्दा पहिला खोर, झ्यालखानासम्बन्धी सवाल सनतले काम चलाएर आएको देखिन्छ । र २०१९ सालमा अगाडि बढाएको यो ऐन नेपालमा ८ पटकसम्म संशोधन भएकोले यहाँसम्म आएको देखिन्छ । अहिले यो प्रतिनिधि सभाबाट उत्पत्ति भ'को र सरकारले जो ढङ्गको विधेयक यसलाई पूर्ण परिमार्जन गरेर जो ढङ्गले ल्याउन खोजिएको छ । ल्याएको छ । म स्वागत गर्न चाहन्छु । र मैले २/३ ओटा सुझावहरू के राख्न

चाहन्छु भने पूर्ववक्ता माननीयले राखे जस्तै कारागारलाई सुधार गृहका रूपमा रूपान्तरण गर्नको निम्ति एउटा नयाँ कन्सेप्टको विकास गर्नुपर्ने आवश्यकता एकातिर र त्यसको साथसाथै भौतिक संरचनाका हिसाबले पनि यसलाई नयाँ ढङ्गले विकास गर्नुपर्ने आवश्यकता छ । किनकि नयाँ युवा सिर्जनशील जनशक्ति त्यसभित्र छ । यसलाई राज्यले ठिक ढङ्गले सदुपयोग गर्न सक्नुपर्छ । कतिपय विदेशी राष्ट्रहरूमा हेर्दा चाइनामा कारागारभित्र रहेको शक्तिलाई राज्य निर्माणका निम्ति, देश निर्माणका निम्तिका लगाएको त्यो जनशक्तिलाई लगाएको उदाहरण हामीले देख्न सक्छौं । र हजारौंको सङ्ख्यामा रहेको जेलभित्र रहेको जनशक्ति, उत्पादनशील शक्ति जो छ । त्यसलाई श्रम सिपसँग लगाउँदा कारागारलाई एउटा सुधार गृह, रूपान्तरण गृहमा पनि लैजान सक्ने हुन्छ । र यो ढङ्गले यही स्पिडमा यो विधेयकलाई अगाडि बढाइयोस् भन्ने म अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सुरेश कुमार आलेमगर । समय ३ मिनेट ।

**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी)**ः- सम्माननीय अध्यक्ष महोदय, कारागारसम्बन्धी कानुनलाई संशोधन गर्न जुन विधेयक आएको छ । यसमा थुप्रै नयाँ कुराहरू छन् । जस्तैः अब कारागारलाई सुधार गृहको रूपमा विकास गर्ने कुरा, खुला कारागार, खुला कारागारको Concept कैदीबन्दीलाई प्रजनन अधिकारलगायत थुप्रै कुराहरू छन् । जुन सराहनीय छन् । मात्रा यो बारेमा के कुरा भन्न चाहन्छु भने कारागारलाई सुधारगृहको रूपमा विकास गर्ने कुरा त्यो नारामात्र नहोस् । यसलाई व्यवहारमा इमान्दारीपूर्वक यसलाई विकास गरियोस् । र म आफै पनि जेलमा बसेको हुनाले थुप्रै कुरा थाहा छ । हुनत यहाँमध्ये थुप्रै माननीयज्यूहरू, साथीहरू चाहिँ जेलमा बस्नुभएको होला । त्यहाँ बस्दाखेरि मलाई के अनुभूति हुन्थ्यो भने यो जेलमा यी जेलहरूमा धेरै निर्दोष मान्छेहरू छन् । दोषी पनि ति छन् । दोषी भन्दा हामीलाई के लाग्थ्यो भने निर्दोष मान्छेहरू छन् । त्यसकारणले पनि यी जेललाई कारागारलाई कारागारको रूपमा जसरी अहिले छ । त्यसरी गर्नुहुँदैन भन्ने हाम्रीलाई लाग्थ्यो ।

हामी माओवादीहरू शान्ति प्रक्रियामा आउँदाखेरि हामीले त के भनेका थियौं भने । के माग गरेका थियौं भने सम्पूर्ण कैदीबन्दीलाई रिहा गरिनुपर्दछ । जेल रित्याइदिने त्यसपछि फेरि निर्दोषहरूलाई छोडी नै दिने । फेरि छानबिन गर्ने निर्दोषहरूलाई छोडी नै दिने दोषीलाई फेरि समातेर ल्याएर कारागारमा जाक्ने भन्ने चाहिँ थियो हाम्रो । तर त्यो

सम्भव हुन सकेन अरू दलहरूले मानेनन् र त्यो सम्भव भएन । तर सुधारगृहको रूपमा विकास गर्ने भन्ने जुन कुरा छ । निश्चित रूपमा यो सही कुरा हो म फेरि पनि जोड दिएर भन्न चाहें मैले । यसलाई यही रूपमा अगाडि बढाउनुपर्ने हुन्छ ।

र त्यसको साथसाथै यस के पनि अनुभूति हुन्छ भने जो कारागारमा निश्चित बन्दी अवधि बिताएर बाहिर आइसकेपछि ती मान्छेहरूले तिनै तिनै अपराधहरू तिनै तिनै कार्यहरू गरेका हुन्छन् । त्यो किन हुन्छ त किन भने उनिहरूको, उनीहरूले दण्ड सजाय त भोगे उनीहरूको चेतना आएन । त्यसैले उनीहरूलाई एउटा मनोसामाजिक परामर्श एउटा के त भन्दा परामर्श दिने काउन्सेलिङ गर्ने कुराको पनि आवश्यकता हुन्थ्यो । जसरी रिह्याब सेन्टरहरूमा ड्रक्स एडिक्टेडहरूलाई त्यहाँ राखेर काउन्सेलिङ पनि गरिन्छ । त्यसरी जेलमा रहेको कैदीबन्दीलाई पनि काउन्सेलिङको आवश्यकता पर्छ । त्यो कुरा पनि यो विधेयकमा आएको रहेछ । यो कुरा पनि राम्रो भन्ने मलाई लाग्दछ । र विधेयकमा आएको कुराहरूलाई इमान्दारीपूर्वक व्यवहारमा लागु गर्नका लागि कतिपय निर्दोष मान्छे जस्तोः गाई मऱ्यो भन्या ठाउँमा तामाङले गाई माऱ्यो आकार हुन्थ्यो गाइ मऱ्यो भन्यो गाई मऱ्यो भनेकोथ्यो उसले तर गाई माऱ्यो भन्ने न्यायाधीशले बुझेर यो फटाहले गाई मारेछ भनेर जेल हाल्यो । हो यस्ता खालका निर्दोष मान्छेहरू परेका हुनाले पनि यसलाई कारागारलाई यहि रूपमा अगाडि बढाउनुपर्छ भन्ने मलाई लाग्दछ । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय डा. विमला राई पौडयाल । समय ३ मिनेट ।

<u>**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**</u>ः- सम्माननीय अध्यक्षज्यू, यो कारागार विधेयक, २०७६ जुन अहिले आएको छ संशोधनको यो असाध्यै महत्त्वपूर्ण विधेयक हो । मान्छेले कति परिवन्दमा परेर अपराध गर्छन् । कति जानि जानि अपराध गर्छन् । कति राम्रो सोचेर पनि लागिरहेका हुन्छन् । जसरी अब देशलाई सुधार गर्न प्रजातन्त्रको आन्दोलनमा हामी धेरै राजबन्दीका रूपमा भित्र पसेका पनि छौं । जुन राम्रो गरेरभित्र पसेका हौं । त्यो भएर अनि कारागारभित्र रहेकाहरूलाई अपराध हेरीकन कस्तो खालको दण्ड दिने भन्ने व्यवस्था त छँदै छ । तर त्यो सँगसँगै त्यहाँभित्र हुने व्यवहारमा सुधार गर्नुपर्ने जरूरी छ । यसैलाई म मध्यनजर गरेर यो विधेयक आएको छ । जुन मैले एकदम स्वागत गर्छु । मैले वास्तवमा यो विधेयकमा है । केही राम्रा प्रावधानहरू यसपालि आएका छन् । जस्तोः संविधानले दिएको मौलिक अधिकार विशेष गरीकन प्रजनन अधिकार,

स्वास्थ्यको अधिकार, विवाह गर्ने अधिकार, सुत्केरी हुदाँखेरि महिलाले पाउनुपर्ने स्याहार सम्भारका विषयहरू यो प्रावधानहरू सच्याएर आएको छ । यसलाई मैले एकदमै धेरै स्वागत पनि गर्न चाहन्छु । बन्दीले विवाह गऱ्यो भने दर्ता गर्ने प्रावधान पनि राखिएको छ । खुल्ला कारागारको कन्सेप्ट पनि आएको छ । त्यो चाहि एकदमै महत्त्वपूर्ण छ । त्यसमा स्वयम्सेवक लगाउने, शिक्षा, सिपमा प्रवन्ध गर्ने, खेलकुदमा संलग्न गर्ने यस्ता कुराहरू राम्रो छ । तर यति हुदाँहुदै पनि केही कुराहरू हामीले अझै पनि राम्रोसँग हेर्नुपर्छ जस्तो मलाई लाग्छ ।

विशेष गरीकन यो महिला बन्दीहरूमा चाहिँ त्यहाँ भएका पुरुष सुरक्षाकर्मी र पुरुष कर्मचारीहरूबाट हुने यौनजन्य दुर्व्यावहार, यौनजन्यमात्रै होइन एकदमै दपेट्ने खालको व्याहार भएको हामीले प्रशस्तै सुनेका छौं । त्यो भएर यो चाहिँ हामीले के गर्छौं भनेदेखि यौन दुर्व्यावहारहरूमा रिपोर्ट गर्नको लागि छुट्टै संयन्त्र बनाउने चलन छ विभिन्न संस्थाहरूमा एम्बुस्ड पर्सन भन्छ जसले एकदम गोप्य रूपमा उजुरी लिएर अनि त्यसपछि छानबिन गरेर गोप्य रूपमै कसलाई चाहिँ कारबाही गर्नुपर्ने, कसलाई चाहिँ मनोसामाजिक चिकित्साको व्यवस्था गर्ने, परामर्शको व्यवस्था गर्ने हुन्छ । त्यस्तो व्यवस्थाहरू कारागारमा राख्न जरूरी छ । यो विशेष गरीकन महिला बालबालिकाहरूमा हुने हिंसालाई हेरेर यो प्रावधान गर्न जरुरी छ जस्तो मलाई लाग्छ । त्यसपछि बालबालिकाहरूलाई चाहिँ आमाबाबाहरूसँग भित्रै राख्दा राम्रो कि ? सरकारले संरक्षण लिएर बाहिर राख्दा राम्रो भन्ने कुरामा ठुलो डिभेट छ । यसमा अझै पनि मनोसामाजिक परामर्शहरू, दाताहरूसँग छलफल गरेर, विज्ञसँग छलफल गरेर यसलाई पनि टुङ्गोमा राख्नुपर्छ । त्यसले गर्दाखेरि यो विधेयक चाहिँ यसरी यहाँ दफावार छलफल गरेर सक्ने काम नहोस् । समितिमा पठाउने गरीकन संशोधन हाल्न पाइयोस् भनेर पनि मैले यहाँ अनुरोध गरें । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय उदय बहादुर बोहरा । समय ३ मिनेट ।

**<u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- अध्यक्ष महोदय, प्रस्तुत यो प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त कारागार विधेयक, २०७६ मा विचार गरियोस् भन्ने प्रस्तावमा छलफल भइरहँदा यो विधेयकमा धेरै सकारात्मक चिजहरू छन् । र धेरै माननीयज्यूहरूले पनि यो बारेमा धेरै चर्चा गरिसक्नु भा'छ । र म के भन्न गइरहेको छु भने धेरै कारागारहरूलाई अझै पनि सुधार गर्नुपर्ने अवस्थामा छन् । जीर्ण

कारागार भवनहरू, त्यहाँभित्रको खानेपानी, सरसफाइ र स्वास्थ्यसँग सम्बन्धित समस्याहरू यो छ व्यवस्थित रूपले यो कारागारलाई साँच्चीकै बन्दीगृहमात्र नभएर यसलाई एउटा सुधार गृहको रूपमा पनि लैजान पर्छ भन्ने माननीयज्यूहरू जस्तै मेरो पनि यसमा जोडदार रूपमा यो विषय राख्न चाहन्छ ।

अर्को कारागारभित्र बडा अजीव मलाई के लाग्यो भन्दाखेरि त्यहाँभित्र अलगै सरकार छ, त्यहाँभित्र अलगै प्रशासन छ । जेलभित्र त्यहाँका चौकिदार, नाइके, भाइनाइकेहरूले त्यो कारागारभित्र साशन चलाइरहेको अवस्था छ । यदि कि जेल प्रशासनले पनि उनीहरूलाई नसोधेर बन्दीहरूलाई भेट्न, भेट्दा उनीहरूसँग केही कुरा राख्दा पनि उनीहरूसँग अनुमति लिनुपर्ने स्थित त्यहाँ देखियो ।

म भरखरै अस्ति एउटा कारागारमा गएको थिएँ । र मैले त्यो देखें । त्यसो भएको हुनाले यो त्योभित्रको जुन एउटा यो अलगै प्रशासन छ । त्यो प्रशासनले त्यहाँ बन्दीहरूलाई पनि पिडा दिने यो त्यहाँ देखियो यो अलि रोक्नुपर्छ । र अर्को चिज के छ भन्देखिलाई यो कारागारभित्र राजनीतिक रूपमा राजनीतिक बन्दीहरू र अरू बन्दीहरूलाई गरिने जुन व्यवहार हो । त्यो व्यवहारमा कतिपय ठाउँहरूमा कतिपय कारागारमा त उपयुक्त छ । कतिपय कारागारमा अझै यसलाई सुदृढ गर्दै लैजानुपर्छ भन्ने मेरो भनाइ छ । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय भैरव सुन्दर श्रेष्ठ । समय ३ मिनेट ।

<u>**माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- अध्यक्षज्यू, भखरै हामी प्रतिनिधि सभामा उत्पन्न भएर सन्देशसहित प्राप्त भएको कारागार विधेयक, २०७६ माथि यसको दफावार छलफल विधेयकमाथि हामी छलफल गरिरहेका छौं । र यो विधेयकको सन्दर्भमा कुरा गर्दा विधेयकमा जति कुराहरू समेटिएका छन् । सकारात्मक छन् । केही कुराहरू समेटनुपर्ने छ र विधेयकले समेटिएको छैन् । ती समेट्नको निम्ति म सम्माननीय अध्यक्षमार्फत म गृहमन्त्रीको ध्यानाकर्षण गराउँछु ।

पहिलो कुरा कारागार भनेको सुधार गृह चाहिँ हो यसलाई सुधार गृहको रूपमा लैजानुपर्छ भन्ने कुरा नै म यसमा जोड दिन चाहन्छु । कैदीहरूको पीडा अनेकन छन् । अगि माननीयज्यूले भन्नुभयो त्यो  म त्यसप्रति समर्थन गर्छु । त्यहाँ दिइने अब उनीहरूका जस्तो दीर्घरोगीहरूलाई गरिने व्यवाहारहरू तत्काल चाहिँ अस्पतालमा जाने कुराको विषयमा

पनि सहुलियत दिन नसक्ने कुराहरू, त्यसपछि त्यहाँ दिइने सिधाहरू अथवा खाद्यान्नहरू दिइन्छ । त्यो एउटा गुणस्तरहीन खालका यस्ता केही कुराहरू कारागारभित्र देखेका समस्याहरू छन् । तिनलाई कसरी सुधार गर्न सकिन्छ । यसमा चाहिँ माननीय गृहमन्त्रीज्यूले यो विधेयकमाथि यी कुराहरू सुधार्नुपर्छ भन्ने लाग्छन् ।

अर्को कुरो त्यहाँ कारागारमा रहेका बन्दीहरूलाई अध्ययन गर्नको निम्ति कुनै पुस्तकालयको व्यवस्था छैन । हरेक कारागारमा पुस्तकालयको व्यवस्था भइदियो भने ती बन्दीहरू सुधारगृह भनेपछि त्यहाँबाट भएका मान्छेहरू बाहिर निस्किएपछि उनीहरूले एउटा रचनात्मक काम गरेर एउटा असल नागरिक बन्न प्रेरित चाहि गर्न त्यसले चाहि सहयोग पुऱ्याउँछ । र अरू त्यहाँ सिपसँग सम्बन्धित तालिमहरू विभिन्न खालका सिप जानेका मान्छे त्यहाँ छन् । अथवा अर्धसिप भएका मान्छे पनि त्यहाँ छन् । यदि कारागार गृहलाई सुधारगृहको रूपमा हामी लिन्छौं भनेपछि त्यस्ता खालका सिपयुक्त तालिम दियौं भने उनीहरू चाहिँ त्यहाँबाट निस्किसकेपछि आफ्नो बाँकी जीवनमध्ये राम्रो काम गर्न सक्छ । यी कुराहरू थुप्रै त्यहाँ छुटेका छन् । यो चाहिँ विधेयकमा यी कुराहरूलाई कसरी राख्न सकिन्छ । यसतर्फ म ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को कुरा के हो भने कैदीहरू स्थानान्तरण जुन गरिन्छ । एक ठाउँबाट अर्को ठाउँमा सरूवा गरिन्छ । एकदमै अपायक पर्ने ठाउँमध्ये पहाडतिर रहेका कैदीहरूलाई तराईतिर ल्याइदिएर न उनीहरूसँग भुगोलसँग एउटा हावा पानीमा हुर्केका त्यहाँका नागरिक तह ल्याइदिएर उसलाई चाहिँ त्यहाँको ऊसँग एड्जस्ट्मेन्ट हुन चाहिँ सँग अत्यन्त समस्या परेको छ । यसले गर्दा सरूवाको कुरा चाहिँ बरू अलिकति हावा पनि मिल्दो ठाउँमा ल्याइदियो भने राम्रो हुन्छ । यो पनि कैदीहरूले उठाएको गुनासो हो । म यी कुरा राख्न चाहन्छु । मैले यी नै कुराहरू राखें । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय भुवन बहादुर सुनार । समय ३ मिनेट ।

<u>**माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- अध्यक्ष महोदय, कारागार नभईकिन सुधारगृह हो । सुधारगृह बनाउनुपर्छ । भन्ने मान्यताहरू अगि बढि राखेका छन् । त्यही सिलसिलामा यो कारागार विधेयक आ'को छ । र यसमा केही त सकारात्मक विषयहरू आ'का छन् । तै पनि कति कुराहरू छुटेका छन् । जस्तैः अहिले

यो कारागार असाध्यै धेरै बन्दीहरू, धेरै कैदीहरू चाहिँ छन् । जो त्यहाँ उनले सुत्न बस्न पनि पाइरहेको अवस्था छैन । यो अत्यन्तै समस्याग्रस्त अवस्था छ ।

दोस्रो फेरि त्यही कारागारभित्र सबै बन्दीहरू अपराधी नहुदाँ नहुँदै पनि यो पुर्पक्षका लागि थुनामा भनेर राखिएको छ । एक वर्षको उसलाई चाहिँ कैद हुनुपर्ने ठाउँमा दुई वर्षसम्म पनि त्यो पुर्पक्ष पूरा भएको छैन् । र त्यसलाई निर्क्योल गर्देको छैन र ती निर्दोष मान्छेहरू त्यसरी बसिरहेको अवस्था छ । यसलाई तत्काल हेर्नलाई राज्य गम्भीर हुन आवश्यक छ । गृह प्रशासनले ध्यान दिन आवश्यक छ । कारागारभित्र त्यहाँ दाइ नाइके, भाइ नाइके भनेर चाहिँ एउटा फेरि चाहिँ यो कारागारको चाहिँ प्रमुख, जेलरसहितको मिलेमतोमा त्यहाँ उसै त पीडामा बसिराखेका मान्छेहरूलाई झन् लुट्ने काम भइरहेको छ । त्यहाँ गुणस्तरविहीन खानेकुराहरू खुवाएर उनीहरूलाई झन् चाहिँ बढी रोगी बनाइएको छ । र समयमा उपचार नपाएर तड्पिरहेका छन् । जो दिनहुँ चाहि औषधि खानपर्ने २/३ दिनसम्म औषधि नपाएर तड्पिएको अवस्था छ । र यस्तो अवस्था र'कोले गर्दा कारागारलाई सिपमूलक बनाउने र उनीहरूको त्यहाँ चाहिँ निर्वाहको लागि त्यहाँ मुढा बुन्ने काम, टोपी बुन्ने कामलगायतका चाहिँ यस्ता सिपहरू त्यहाँ चलाइयो भने उनीहरूलाई त्यो दिइयो भने उनीहरू फेरि पछि कारगार बाहिर आउँदा पनि त्यो पेसा व्यवसाय गर्न सक्छन् । र त्यो सुधारगृहले उनीहरू बाहिर आउँदाखेरि पनि फेरि अलि सुधारिएको असल नागरिक बन्ने बाटोतिर लैजान पर्ने हुन्छ । त्यसले गरेर त्यहाँ आवश्यक पूर्वाधारहरू, खानेपानीहरू र पुस्तकालयहरूको व्यवस्था नभएकोले गर्दा धेरै ठाउँमा चाहिँ ती बन्दीहरूले अन्य कुराहरू चाहिँ सोच्ने अवस्था आ'कोले त्यस्तो सोच्न नदिनको लागि उनीहरूलाई सुधारगृहमा राख्नुपर्छ । र खुला कारागार र उनीहरूको ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय नारायण दत्त मिश्र । समय ३ मिनेट ।

**<u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, कारागारको व्यवस्थाको विषयको बारेमा कुरा गर्दा मैले २०३२ सालको कारागार पनि देखेको थिएँ । त्यतिखेर बस्दाखेरि बस्न सजिलो थियो । त्यसपछि २०३९, २०४० र २०४२ सालका कारागारहरू देखेँ त्यतिखेरका कारागारहरूमा असाध्यै कठिनाइ थियो । कारागारहरूभित्र दिशापिसाब गर्ने कुराको सम्बन्धमा पनि मानिसहरूले भित्रै राति दिशापिसाब लाग्यो भने बाहिर आएर दिशापिसाब गर्न नपाउने र ढोका नेर नै दिशापिसाब गर्नुपर्ने

परिस्थिति थियो । अझ अहिले सम्म पनि एउटा कुरा विद्यमान छ । पछिल्ला कारागारहरू २०४६ सालको कारागार, २०६२/६३ का कारागारहरू पनि देख्ने मौका पाइयो । अहिले कस्तो छ भने मानिसहरूको कारागारभित्र यत्रो ठुलो चाप छ । एउटा मानिस सोझो सुत्यो भने अर्कोले कोल्टे सुतेर बस्नुपर्ने परिस्थितिसम्मका कारागार छन् । त्यसकारणले यी कारागारलाई कारागारभित्र बस्ने मानिसहरूको क्याटागोरी छुट्याएर केही खुल्ला कारागारको व्यवस्था गर्ने कि वा कारागारको क्षमता बढाउने त्यतातिर पट्टि सरकारले ध्यान दिनपर्ने आवश्यक छ ।

अर्को गम्भीर कुरा अर्को कुरा त आई पनि सकेको छ साथीहरूबाट । कारगारभित्र रहेका नाइकेहरू, त्यसभित्रका भाइ नाइकेहरू, त्यसभित्रका चौकीदारहरूले गर्ने ज्यादतीको सम्बन्धमा पनि एउटा उपाय छ । उपाय के छ भने कम से कम महिनामा एक पटक, दुई महिनामा एक पटक सरकारले त्यसभित्र प्रत्येक मानिसको गोपनीयता हनन नहुने गरीकन ती कैदी बन्दीहरूसँग तिमीलाई के मार्का छ ? भनीकन सोध्ने प्रवन्ध मात्र मिलायो भने उनीहरूको रजगज सुस्तरी कमी हुने कुराको पनि विश्वास दिलाउन चाहन्छु । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय गृहमन्त्री श्री बालकृष्ण खाँण</u>**:- सम्माननीय अध्यक्ष महोदय, कारागारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गरेको विधेयकमा माननीय सदस्यहरूले महत्त्वपूर्ण विचार राखुभएको छ । कारागारमा रहेका बन्दीहरू पनि नागरिक नै हुन् । उनीहरूको प्रति पनि राज्य र समाजको दायित्व छ । उनीहरूलाई कारगारभित्र जीवन सहजतापूर्वक जीउने कसरी बनाउने ? र उनीहरूको समयलाई पनि कसरी सदुपयोग गर्ने ? त्यसका लागि माननीयज्यूहरूलेहरू भने जस्तै विभिन्न उमेर समूहका कैदी बन्दीहरूलाई सिप सिकाएर उनीहरूको कारगारको बसाइको समयमा पनि उत्पादनसँग

जोड्ने । अहिले पनि केही कारागारहरूमा केहि घरेलु उत्पादनमा संलग्न छन् । तथापि त्यो पर्याप्त छैन् । उनीहरूलाई राष्ट्रिय उत्पादनसँग कसरी जोड्ने ? कतिपय बन्दी कारागारहरूको कारागार जीवनको मूल्याङ्कनको आधारमा उनीहरूलाई खुला कारागारको सुविधा दिने । त्यस्तै महिला बन्दीहरूलाई प्रजनन अधिकार र उहाँहरूलाई सुत्केरी भएको बेलामा आफ्नो घर समाजमा बस्न दिने खालको प्रावधानहरू समेटिएको छ । त्यस्तै कैदी बन्दीहरूका आश्रित बालबालिकाको हेरचाह, पालनपोषण र शिक्षादिक्षा सुनिश्चिन गर्ने पनि कानुनी व्यवस्था मिलाउनको लागि यो विधेयकमा सम्बोधन गरिएको छ । र कैदी र थुनुवाहरूको प्रजनन हकको सुरक्षा पनि यो विधेयकमा गरिएको छ । कैदी तथा थुनुवाहरूको स्वास्थ्यको व्यवस्थापनको लागि स्वास्थ्य विमाको पनि यो विधेयकमा व्यवस्थापन गरिएको छ । र अघि यस विषयमा छलफलमा भाग लिने माननीयज्यूहरूले भने जस्तै कारागारको भौतिक पूर्वाधारलाई पनि व्यापक रूपमा सुधार र निर्माण गर्नुपर्ने अवस्था छ । र कारागारमा बसेकाहरूलाई आफ्नो जेल जीवनबाट उनीहरूको आचरण, चालचलन र जेल प्रशासनको सिफारिसमा कैद छुट दिने पनि व्यवस्था छ । र यो छुट दिने सन्दर्भमा कतिपय नकारात्मक अपराध गरेकाहरूलाई छुट दिन सकिदैन । त्यसमा बाल तथा महिला हिंसालगायतका कतिपय जघन्य अपराधहरू, लागुपदार्थलगायत समाजमा ज्यादै नै नकारात्मक प्रभाव पार्ने अपराधमा संलग्न भएकाहरूलाई छुट दिने व्यवस्था अले पनि छैन । र कतिपय अन्य सामान्य अपराधमा रहेकाहरू र उमेरको हद पार गरेर ज्येष्ठ नागरिक बन्न थाल्नुभएका कैदी बन्दीहरूलाई छुट दिने गरेको छ । र जेलभित्र रहेका कतिपय व्यक्तिहरूमा अपराध वृद्धि र प्रवृति न्यून सङ्ख्यामा घट्या चाहिँ हुँदैन । ठुलो सङ्ख्यामा जेलभित्र गइसकेपछि एक हिसाबको पश्चाताप जस्तो हुँदो रहेछ । बाहिर बस्दाखेरि जुन खालको अपराध गर्नुभयो त्यो अपराध गर्दाखेरि उसले गल्ती गरेको पश्चाताप पनि गर्छ ।

विद्यार्थी आन्दोलनको क्रममा भद्रगोल जेलमा र केन्द्रीय कारागारमा मैले पनि बसेको थिएँ । हाम्रो भान्से चाहिँ एक जना तामाङ हुनुहुन्थ्यो नुवाकोटको । उहाँले श्रीमतीलाई नै मार्नुभएछ । तर जेलमा बस्दाखेरि त्यस्तो खालको अपराधिक आचारण नै देखाएन के उसले । र मैले आवेशमा आएर चाहिँ ठुलो गल्ती गरेँ । अब कतिपय हाम्रा विद्यार्थी साथीहरू लौ हैन यसलाई डाडुपन्यौ कसरी दिने, यसलाई दाउरा चिर्ने बन्चरो कसरी दिने, यसले स्वास्नी मारेको छ । तर त्यो खालको चाहिँ क्याकेक्टर नै देखाएन उसले । त्यसकारणले एकैचोटि कैदी जीवनमा पुगेपछि आफूलाई धेरै ठुलो परिवर्तन गऱ्या पनि

देखियो । तर कतिपयलाई फेरि जेलबाट जेलभित्र अर्को गोलघरमा राख्नुपर्ने पनि अवस्था देखियो । त्यहाँभित्र पनि गएर चमत्कार गरिरहेको छ उसले । केही न केही चमत्कार गरेको पनि देखियो । त्यसकारणले अब यसलाई वर्गीकरण गर्ने, कसलाई सुधार्न सकिन्न, सकिन्न त्यसलाई के गर्ने, जगन्य अपराध गऱ्या छ त्यसलाई के गर्ने, जसलाई सुधार्न सकिन्छ उसलाई राष्ट्रिय उत्पादनसँग जोड्ने ।

कतिपय जेलभित्र पुस्तकालय छन् । तर कतिपयमा स्कुल छन् । कतिपयमा छैनन् । ती सबैमा होस् । कतिपय जेलमा भरखरका यूवाहरू अपराध गरेर जेलमा हुनुहुन्छ र जेलभित्रै पढेर उहाँ शिक्षित भइसक्नुभयो । तर जेलभित्रै कि शिक्षालयमा शिक्षक पनि बन्या साथीहरू पनि हुनुहुन्छ कति जना ।

अब जेल प्रशासनको नेपाल सरकार गृह मन्त्रालय जेल विभागको व्यवस्था छ । पहिला पनि अहिले पनि त्यसलाई सुदृढ रूपमा गर्न खोजिएको छ । हाम्रो सङ्गठनिक चार्टभित्र रहेको छ । र हरेक जेलमा जेलर व्यवस्थापन छ । सामान्य प्रशासनबाट उपसचिव र शाखा अधिकृतहरू जेलको वर्गीकरण गरेर त्यहाँ जेलरको रूपमा जिम्मेवारी दिएको हुन्छ । र जेलभित्रै बन्दी जीवन निर्वाह गरिरहेका व्यक्तिहरूलाई पनि त्यहाँ आन्तरिक सुरक्षा र व्यवस्थापनको लागि जिम्मेवार दिएको हुन्छ । अब त्यसमा कहीं विकृति र विसङ्गतिहरू होलान् । छन् । तथापि उनीहरूलाई पनि शान्ति, सुरक्षा र जेल व्यवस्थापनमा सामेल गराउँदाखेरि सरकारले धेरै ठुलो सङ्ख्यामा कर्मचारी खटाउनुपऱ्या छैन् । एकातिर जेलको बाहऱ्य सुरक्षाको लागि प्रहरी खटाउनुपरेको छ । कहिले काहीँ सशस्त्र प्रहरी बल खटाउनुपर्छ । कहिले प्रहरी चाहिँ त्यहाँबाट बाहिर ल्याउनको लागि सेनाको जिम्मा पनि दिनुपरिराखेको छ । कहिलेकाहीँ ।

कोभिड १९ को माहामारीमा नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई व्यवस्थापनमा अग्र पङ्तिमा खटाउनुपऱ्यो त्यसले गर्दाखेरि जेलहरूको बाहिरी सुरक्षा सेनालाई दिनुपऱ्यो । निर्वाचनको बेलामा पनि प्रहरीहरूलाई निर्वाचनमा खटाउनुपऱ्या कारणले बेलाबेलामा जेलको बाह्य सुरक्षा सेनालाई दिएको हुन्छ । केही समयका लागि नभए नियमित रूपमा नेपाल प्रहरीलाई नै जेलको बाह्य सुरक्षाको जिम्मा दिएको हुन्छ । र कैदी बन्दीहरू बिरामी हुनुभयो भनी अस्पताल लाने काम पनि नेपाल प्रहरी कै हुन्छ ।

र भित्रको आन्तरिक सफाइ व्यवस्थापन कुन कैदी बन्दी आफ्नो कोठामा छ छैन आदि इत्यादिमा त्यहाँ जेलभित्रै चौकीदार, सहायक चौकीदार पहिला त मूल चौकीदार त्यहाँबाट भाइ चौकीदार अनि मूल नाइके, नाइके, भाइनाइके भन्थ्यो अहिले त्यसलाई

बदलेर चौकीदार र नाइके अनि सहनाइके भनेर राखेको रहेछ अहिले । उनीहरू जिम्मेवार भइदियो भने कर्मचारी ठुलो सङ्ख्यामा भित्र खटाउनुपरिराख्या छैन् । तर त्यसलाई पनि अझै कसरी व्यवस्थित गर्ने पहिला त एकजना बन्दी चौकीदार भइसकेपछि ऊ लामो समय नछुट्दासम्म मात्रै हुन्थ्यो । अहिले चौकीदारको जवाफदेहिता र जिम्मेवारी पनि आवधिक गरिएको छ । समय सीमा तोकिएको छ । त्यसलाई पनि कसरी जिम्मेवार बनाउने, कसरी उत्तरदायी बनाउने । यसले जिम्मेवारी निर्वाह गरेको कारणले केही कैदमा छुट पनि पाउँछ । छुटेर जाने बेलामा केही मिनाहा पनि पाउँछ उसले । अब त्यो जिम्मेवारमा बस्या कारणले उसले गलत काम गर्‍यो भने फेरि थप सजाय पनि पाउँछ । त्यो व्यवस्थापन पनि गरिएको छ । तथापि त्यसलाई अझै व्यवस्थित गर्न जरुरी छ ।

अगि माननीयज्यूहरूले भन्याजस्तै वास्तवमा बन्दीगृहलाई अब सुधारगृह बनाउन जरुरी छ । भन्ने भनाइसँग म सरकारको सकारात्मक धारणा राख्न चाहन्छु । त्यसका लागि हामी प्रयत्नशील छौं । तर अहिले सहरबजारभित्र भएका जेलहरू पहिला बस्ती पातलो थियो, जनसङ्ख्या पनि हामीहरू कम थियौं । अहिले जनसङ्ख्याको वृद्धि र माइग्रेनको चापका साथसाथै सहर बजारमा चाहिँ बस्ती बढ्न थाल्यो । सहर बजारको गतिशीलता पनि बढेर जान थाल्यो त्यसकार अधिकाङ्श बन्दीगृहरू या जेलहरू सहर बजारको मध्य भागमै छन् । काठमाडौंको पनि केन्द्रीय कारागार भद्रगोल मध्यभागमै छ । र जतिखेर नख्खु जेल बनाइयो त्यो चाहि सहरको एउटा खेतीयोग्य जमिनमा थियो नदी किनारमा त्यो पनि मध्यभागमा जस्तो भइसक्यो अब ।

त्यसले गर्दा मध्यभागका जेलहरूलाई बाह्य भूभागमा अलि ठुलो भूभागमा स्थानान्तरण गर्ने र नयाँ जेलहरूको निर्माण गर्ने त्यो योजनामा सरकार रहेको छ । किनकि जेलको चाहिँ त्यहाँको क्षेत्रफल पनि ठुलो होस् । उनीहरूलाई मनोरञ्जनलगायत कामहरू पनि गर्न सकियोस् । खेलग्रामहरू पनि त्यहाँ राख्न सकियोस् । त्यस्तै कृषि उत्पादनमा तरकारी खेतीमा पनि उनीहरूलाई उपयोग गर्न सकियोस् । भन्ने चाहिँ हाम्रो धीर धारणा हो त्यसका लागि सहर बजारको मध्यभागमा रहेका बन्दीगृहहरूलाई सहर बजारको किनारमा सार्ने चाहिँ माग पनि रहेको छ जनताको पनि, विभिन्न व्यवसायिक संस्थाहरूको पनि स्थानीय पालिकाहरूको पनि माग रही आएको छ । त्यसका लागि उपयुक्त ठाउँमा जमिन खोजेर बजेटको व्यवस्थापन गरेर नयाँ बन्दीगृहहरू बनाउने र त्यसलाई सुधार गृहको रूपमा परिणत गरेर बन्दीहरूलाई सुविधाजनक जीवन जिउने वातावरण बनाउने । त्यो चाहिँ हामी कार्ययोजनामा छौं । र यो विधेयक अगाडि बढिसकेपछि त्यसले त्यसका लागि

विधेयक चाहिँ एउटा सहयोगी भूमिकामा रहन्छ भन्ने नै हाम्रो विश्वास छ । यति भन्दै म आफ्नो भनाइ टुङ्ग्याउछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईलाई राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधयेक, २०७६ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री मोहम्मद इश्तियाक राई</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधयेक, २०७६ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधयेक, २०७६ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीलाई राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधयेक, २०७५ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउदँछु ।

**<u>माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री उमा रेग्मी</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधयेक, २०७५ लाई प्रतिनिधि

सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव पेस गर्दछु । धन्यवाद ।

__सम्माननीय अध्यक्ष__ः- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधयेक, २०७५ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकारसहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै अपराह्न २:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै अपराह्न २:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १३:२१ बजे ।**